Government of Nepal
National Planning Commission

unicef

# नेपालले जनसांख्यिक लाभांश सुनिश्चित गर्नका लागि वर्तमानमा बालबालिकामाथिको लगानीमा बृद्धि गर्न आवश्यक

**काठमान्डौ, ४ चैत्र २०७३** - राष्ट्रिय योजना आयोग र युनिसेफले संयुक्त अपिल जारी गर्दै भविष्यमा अधिकतम लाभ लिनको लागि बालबालिकामा वृहत्तर लगानी गरी देशको द्रुत र अद्‌वितिय जनसांख्यिक संक्रमणलाई पुंजीकृत गर्न आव्हान गरेका छन्। 'नेपालको जनसांख्यिक संक्रमणको अध्ययन: प्रवृतिहरु र नीतिगत प्रभावहरु' शीर्षकको नया प्रतिवेदन सार्वजनिक गर्ने क्रममा उक्त आव्हान गरिएको हो।

न्युयोर्क स्थित पपुलेशन काउन्सिलले गरेको यस अध्ययन अनुसार नेपालले विगत केहि दशकहरुमा घट्दो जन्मदर र मृत्युदरका साथै औसत आयुमा आएको सुधारका कारण अत्यन्तै द्रुत गतिमा जनसांख्यिक परिवर्तनको अनुभव गरिरहेको छ।

"अनियन्त्रित जनसंख्या वृद्‌धि, जताततै व्याप्त गरिबी र सुस्त-विकासको वैकल्पिक अवस्थासंगको तुलनामा नेपालको विकास र जनताको जीवनको गुणस्तरसम्बन्धमा यी परिणामहरु अत्यन्तै सकारात्मक छन्। यसै समयमा नेपालले यी जनसांख्यिक परिवर्तनहरुका लागि जतिसक्दो चांडो तयारी गर्नुपर्दछ", राष्ट्रिय योजना आयोगका माननिय उपाध्यक्ष डा. मिन बहादुर श्रेष्ठले भन्नुभयो। "आजका बालबालिका र आउँदो पुस्तामाथि हामीले प्राथमिकताका साथ समय-सीमा तोकेरै लगानी गर्नुपर्दछ, ताकि उनीहरु आफु वयस्क हुने बेलासम्म आजका वयस्कहरु भन्दा धेरै उत्पादनशील होउन्। त्यसो भए मात्रै उनीहरुले बढ्दै गएको वृद्‌ध जनसंख्या (आजको वयस्क जनसंख्या) लाई टेवा दिन सक्नेछन र समाजलाई सामाजिक र आर्थिक विकासको पथमा अगाडी लैजान सक्नेछन।"

अन्य देशहरूमा जस्तै नेपालसँग पनि एक सीमित समयावधि भएको "जनसांख्यिक अवसर" छ। यो समयावधि भनेको देशको सम्पूर्ण जनसंख्याको अनुपातमा कामकाजी उमेरको जनसंख्या (१५ देखि ६४ वर्षको उमेर) को प्रतिशत वृद्‌धि हुदै जाने र सोही प्रतिशत घट्न थाल्ने निश्चित समय बीचको अवधि हो। यो जनसांख्यिक अवसरको दौरानमा, कामकाजी जनसंख्याको मात्रा र अनुपात आश्रित जनसंख्याको तुलनामा धेरै हुन्छ, त्यसैले देशको सामाजिक र आर्थिक विकासकोलागि यो समय निकै उपयुक्त हुन्छ।

"श्रमशक्तिमा प्रवेश गर्ने समयमा आजका बालबालिका तथा आउंदो पुस्ता धेरै उत्पादनशील होउन भनेर सुनिश्चित गर्नका लागि बालबालिकामा लगानी गर्न जरुरी छ भनेर यस प्रतिवेदनमा भएका विश्लेषणले ठोस प्रमाण र विश्वसनीय उदाहरण प्रदान गर्छन्," राष्ट्रिय योजना आयोगका माननिय सदस्य प्रा. डा. गिता भक्त जोशी भन्नुहुन्छ। "आजका औद्दोगिकीकृत देशहरु र 'एसियाली टाईगर' भनेर चिनिने अर्थतन्त्रहरुले उपयुक्त समयमा त्यसै गरेका हुन्। प्रारम्भिक बाल विकास, स्वास्थ्य, पोषण, शिक्षा, पानी, सरसफाई र स्वच्छता, बाल संरक्षण, किशोर-किशोरीहरूको विकास र सामाजिक संरक्षणमा लगानी गर्न नेपाल सरकार कटिबद्‌ध छ।"

देशको समग्र जनसांख्यिक संरचना अझै 'तन्नेरी' हुँदा नै जनसांख्यिक अवसरको बाँकी बचेको समयावधिको पुरा फाइदा लिनुपर्ने आवश्यकतामा जोड दिँदै युनिसेफ नेपालका प्रतिनिधि टोमो होजुमीले भन्नुभयो - "आजका बालबालिका र भावी पुस्ता उनीहरू वयस्क हुने बेला र समाजको विकास गर्दै समाजका वृद्‌धहरूलाई टेवा दिने समेत जिम्मेवारी लिएको बेला अहिले भन्दा धेरै उत्पादनशील भएमा मात्रै नेपालले यस अवस्थाको प्रभावकारी रूपमा सामना गर्न सक्छ।"

"बालबालिका जन्मने क्रम घट्नु भनेको पनि आफैंमा देशका लागी निश्चित आर्थिक अवधि र सन्दर्भमा हरेक बालक र बालिकाका लागी लगानीको मात्रा बढाउने ठूलो अवसर हो। यस लगानीले बालबालिका र उनिहरूको उच्चतम विकासका लागी गुणस्तरिय अत्यावश्यक सामाजिक सेवाहरू सुनिश्चित गर्छ।"

"यस सन्दर्भमा नेपालको आवश्यकता सामान्यखालका जन्म-मुखि नीतिहरुमा आधारित 'बालबालिकाहरूको संख्या' मात्र नभई, आफ्नो पुर्ण क्षमता हासिल गर्ने गरि हुर्केका, समाजलाई अगाडी बढाउन सक्षम बालबालिका हुन्" होजुमीले भन्नुभयो। "आफ्नो सक्रिय उमेरमा कडा परिश्रम गरी हाम्रो बाल्यावस्थामा सहयोग गरेको हालको वृद्ध जनसंख्यालाइ वर्तमानमा न्यायसंगत तवरले सेवा-सुविधाहरु दिईएझै हाम्रो वृद्धावस्थामा हामीलाई सहयोग गर्ने र समाज तथा अर्थतन्त्रलाई अगाडी लैजाने आगामी पुस्तालाई गरिने "अग्रिम भुक्तानी"का रूपमा नेपालमा बालबालिकामाथि लगानी गर्नु सहि, न्यायसंगत र आवश्यक छ।"

प्रतिवेदनका निष्कर्षहरुले निम्नानुसार ईंगित गर्छन:

- नेपालको जनसांख्यिक अवसर लगभग सन् १९९२ मा शुरु भएको थियो र अबको ३० वर्षमा, लगभग सन् २०४७ तिर सकिन शुरु गर्नेछ।
- नेपालको जनसांख्यिक अवसरको समयावधि सबै गरेर ५५ वर्षको छ, र लगभग आधा समय (४५ प्रतिशत) देशले बिताईसकेको छ। विकसित अर्थतन्त्र भएका अन्य देशहरुको तुलनामा नेपालको जनसांख्यिक अवसरको समयावधि धेरै लामो होईन। यो अवधि मलेशियामा ५५ वर्ष, हङकङमा ५० वर्ष, ताईवानमा ५१ वर्ष, दक्षिण कोरियामा ५० वर्ष, र जापानमा ६० वर्ष ६ महिना छ।
- सन् १९८० मा नेपालमा तन्नेरी पुस्ताको अनुपात ठुलो थियो र वृद्ध पुस्ताको अनुपात सानो थियो। सन् २०१५ सम्ममा, जनसंख्याको ठुलो हिस्सा तन्नेरी नै भएपनि देशमा १० वर्षभन्दा कम उमेरका बालबालिकाको जनसंख्या घट्न शुरु भैसकेको थियो।
- सन् २०१५ सम्ममा ११.१ कामकाजी उमेर समुहका व्यक्तिहरु (१५ - ६४ वर्ष) ले एकजना वृद्धलाई टेवा दिईरहेका छन्। बच्चाहरु कम जन्मने र मानिसहरुको आयु लम्बिदै जादा सन् २०५० सम्ममा यो संख्या आधा भएर हरेक ५.६ कामकाजीको अनुपातमा एक आश्रित वृद्ध हुन पुग्नेछ। सन् २०६० सम्ममा त्यो संख्या ३.८ कामकाजीको अनुपातमा एक आश्रित वृद्ध हुनेछन् , जुन वर्तमानको तुलनामा एक-तिहाई हो।
- नेपाल अबको क्रमश: ११ बर्ष र ३७ बर्षमा अर्थात सन् २०२८ मा "ढल्दो उमेरको समाज" र सन् २०५४ सम्ममा "वृद्ध" समाज बन्ने प्रक्षेपण गरिएको छ।
- ढल्दो उमेरको समाजबाट वृद्ध समाजमा रुपान्तरण हुन नेपाललाई २६ वर्ष लाग्नेछ। यो गति जापानसंगको तुलनामा लगभग बराबर छ जसको संक्रमण प्रक्रिया सन् १९७० र १९९५ को बीचमा २५ बर्ष लगाएर सकिएको थियो तर जापान त्यो बेला आर्थिक विकासको निकै अगाडीको चरणमा थियो। यो गति अहिलेका औद्योगिकीकृत देशहरुले ईतिहासमा अनुभव गरेभन्दापनि द्रुत हो, उदाहरणको लागि यो समयावधि फ्रान्समा ११५ वर्ष, स्विडेनमा ८५ वर्ष, बेलायतमा ४७ वर्ष र जर्मनीमा ४० वर्ष थियो।

###

---

*थप जानकारीको लागी:*

*राधा कृष्ण प्रधान, राष्ट्रिय योजना आयोग, फोन 9851242438*

*ठाकुर ढकाल, युनिसेफ, फोन 9851010224*